

# धन्यवाद टेवा !

देश भित्रका अनेकौं संघसंस्थाको भीडमा आफ्ना समाज सेवी कार्यहरूका कारण आम मानिसहरूको धन्यबादको पात्र बनेको छ टेवा । समाजका विभिन्न पक्षहरूका लागि सक्दो सहयोग गरी समाजलाई उन्नतिको बाटो तर्फ लम्काउने कार्यमा पनि टेवाको सहभागिता सह्रानीय रहेको छ । विभिन्न समुदाय तथा उमेर का व्यक्तिहरूका लागि समय–समयमा विभिन्न सृजनशील तथा रचनात्मक कार्यक्रमहरूको संचालनले गर्दा पनि टेवा प्रति आम मानिसहरूको सकारात्मक प्रतिक्रिया रहेको देखिन्छ ।

स–साना स्कूले बालबालिकालाई मध्यनजर राखी टेवाले सञ्चालन गरेको कार्यक्रममा म योगा प्रशिक्षकको रूपमा सहभागी हुन पाउँदा ज्यादै खुशीको अनुभव भयो । योगाले हरेकको शारीरिक एवं मानसिक विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । योगाको यस्तै गुणहरू बुझेर बालबालिकाहरूलाई उपयोगी हुने योगाशनहरू बालबालिकालाई सिकाएँ, ती आशनहरूले उनीहरूको मानसिक स्फूर्ति एवं शारिरीक स्फूर्तिका लागि सहायक सिद्ध हुने मैले आशा गरेकी छु ।

बालबालिकाको चौतर्फि विकासका लागि टेवाले चालेको यस कदमप्रति खुशीका शुभकामना दिन चाहन्छु । आशा गर्न चाहन्छु । समाजका हरेक वर्ग, समुदाय एवं पक्षलाई समेटेर उज्यालो एवं समास्या मुक्त समाज निर्माणमा टेवा सधैं अग्रसर रहोस् । धन्यबाद ।

*गमला के. सी., योगा प्रशिक्षक तथा धापाखेल निवासी*

## चेतना

*आपसी मेलमिलाप र सदभाव स्थापना गरी*
*देशको विकास गर्न शान्तिका मूलमन्त्र पढौं ।*
*यो नेपाल पनि उन्नत समृद्ध बनोस् प्रत्येक*
*पाइलाले प्रगति र सफलताको शिखर चुमोस् ।*

*सबै भेदभाव र विकृतिको नाश गरौं*
*एउटा असल देशको निर्माण गरौं ।*
*देशको विकास एउटै मात्र छ चाहना*
*आत्मसात गरी फैलाऔं सामाजिक चेतना ।।*

*सविना बस्नेत, समूह ग*


P.O. Box 11, Lalitpur, Nepal
Tel: 5572235, 5572654 · Fax: +977-1-5572659
E-mail: info@tewa.org.np or tewa@mail.com.np
Website: www.tewa.org.np


# बृद्धा आश्रममा जाँदा मेरो अनुभव

शनिबारको दिन थियो । आज टेवामा बालबालिका भ्रमणमा जाने दिन थियो । हामी सबै जना लाम लागेर बस्यौं र टेवाको बसमा चढ्यौं र पशुपतिको बृद्धा आश्रमको लागि निस्कियौं ।

एक छिनपछि हामी सबैजना पशुपतिको बृद्धा आश्रममा पुग्यौं । बृद्धा आश्रममा सबै बृद्धबृद्धाहरू बस्दो रहेछन् । बृद्धबृद्धा भन्ने बित्तिकै बुढाबुढी भन्ने बुझिन्छ । त्यहाँका वातावरण राम्रै थियो । सबैजना मिलेर बसेका थिए । हामीले त्यहाँ उनीहरूको मनोरञ्जनका लागि चुट्किला सुनायौं र नाटक पनि देखायौं । हामीले त्यहाँ बसेका हजुरबा-हजुरआमासँग भेट्यौं र उहाँहरूको हालखबर सोध्यौं । मैले उहाँहरूको स्थिती बुझ्दा र हेर्दा धेरै कुराको जानकारी पाएँ । त्यहाँ मैले के सिकें भने हामीले कहिल्यै पनि आफूलाई पालनपोषण गर्ने आमाबुवालाई बुढाबुढी भएपछि हेला गरेर आश्रममा छाडिदिनु हुँदैन, यो राम्रो कुरो रहेन छ भन्ने बुझें । मलाई उहाँहरूको अवस्था देखेर साह्रै दु:ख लाग्यो । उहाँहरूलाई घरपरिवारबाट हेला भएकाले त्यहाँ आएर बसेका रहेछन् । बुढाबुढी, केटाकेटी भनेका त भगवान सरह हुन्छन् भन्ने कुरा सानैदेखि सुनेको थिएँ तर बृद्धा आश्रममा त्यस्तै अशक्त बृद्धबृद्धाहरू देखियो त्यो कुराले मेरो मन कुँडियो ।

हामीले उनीहरूलाई खान दिएर राम्रो स्याहारसुसार गर्न सके त हामीले मन्दिर नै जानु पर्दैनथ्यो होला भन्ने जस्तो अनुभव मैले बटुले । त्यसैले मलाई भित्र चित्त दुखे जस्तो भयो । आफ्नो बुवा, आमा, हजुर बुवा, हजुरआमा आदि पनि बुढाबुढी हुनुहुन्छ । हाम्रो घर घरमा उहाँहरूको सेवा गर्नु नै हाम्रो धर्म हो र भगवानको मन्दिर जानु भन्दा अशक्त असहायलाई सहारा दिनु नै हामी मानवको धर्म हो भन्ने मैले ठूलो शिक्षा पाएँ । यस्तो शिक्षा हामीले व्यवहारमा पनि लगाउनुपर्छ । हाम्रो भित्रै मनबाट आउनुपर्छ । मान्छे यो धर्तीमा जन्म लिंदा पहिला बच्चा, त्यसपछि युवा र अन्त्यमा बुढाबुढी हुनैपर्छ । सबैको जिन्दगीमा यो समय आउँछ आउँछ । त्यसैले हामीले आज भन्ने भावना 'म' र 'मेरो' भन्ने शब्द भन्दा पनि 'हामी' र 'हाम्रो' भन्ने भावना राख्नुपर्छ । भोली हामी सबै बुढा बुढी हुन्छौं र हाम्रो पनि अरूको सहायता लिने पालो आउँछ । आज जे गर्छौं भोलि त्यही कुरा आफूमा पनि आइलाग्छ ।

हामीले उनिहरूलाई खानेकुरा बाँडेपछि हामी बसमा बसेर खाजा खायौं र घर फर्क्यौं । घर पुग्दा करिव ४ बजेको थियो । बृद्धा आश्रमको भ्रमणबाट मैले साह्रै अमुल्य शिक्षा र ज्ञान सिकें ।

*संयम विक्रम पाठक, समूह ग*






# Tewa Children's Program

*Newsletter*

No. 1 2008

**Dear Children and Families,**

**May your time with the Tewa Children's Program give you a valuable opportunity to learn and grow. The special efforts made by the conceptors, the organizers and the supporters create a joyful time to come together to have FUN and to LEARN.**

**I hope that you learn about working together to achieve a goal. I hope that you learn to understand and respect yourself and others. Coming together in a group to explore and experience is a wonderful opportunity. Expressions through art, writing, cultural events, sports and games, and touring the national places can inspire you to be proud of your heritage. To look forward to your role as a Nepali citizen. To be responsible for learning how to be effective in your own lives for our community and our nation. To be the catalyst to help others. And to be the person who will take initiative to promote philanthropy and consciousness for national pride.**

**Our Tewa Family is very happy to have our first year of the Children's Program and we are looking forward to further enhancing and replicating this effort.**

**With sincere best wishes and support for our Children's Program,**

*Maggie Shah, Tewa President*




I shared the concept for Tewa's children programme sometime in 2006. The concept emerged from my ongoing engagement with the land and building project. The main objectives for the concept were:

- Engaging with the local community
- Expanding children's horizon and mind, and importantly
- An early education in philanthropy: the good and well being of others.

Now a democratically Republican Nepal that is emerging will need citizens who can make their decisions based on the choices they have from a broad and a holistic perspective. School education and what individual families can offer do not offer this – hence Tewa fulfills a small but an important niche. While doing so, I think Tewa also role models for other organizations who have the potential to engage similarly.

I sowed a seed, but the Tewa soil is helping the plant grow–watered by committed and skilled volunteers. Engagement in a process brings learning, and the manure of this knowledge will fertilize and refine the children's programme at Tewa. I feel particularly happy that the seed germinated and is growing, but I salute the staff and dedicated volunteers whose hard work and commitment has taken the programme so far.

During Nepal's civil war in the past, our children saw and faced great tragedy. Their capacity to learn and grow is unlimited. It is what we choose to instill in our children: hope, positiveness and creativity; or gloom, negativity and conditioning that will make or break them. The responsibility is ours now–I feel Tewa can pat itself on the back, that it has chosen the first option.

Let every child bloom–in the gardens we grow!

*Rita Thapa, Tewa Founder*